मध्यबानेश्वर, काठमाडौं

मिति २०७४।६।१ गतेको गोरखापत्रमा प्रकाशित

नेपाल सरकार

श्रम तथा रोजगार मन्त्रालय

# वैदेशिक रोजगार प्रवर्द्धन बोर्डको सचिवालय

नयाँ बानेश्वर, काठमाडौं ।

फोन ०१-४१०५०६८

## इन्टर्नसिपका लागि आवेदन माग गरिएको सूचना

यस सचिवालयबाट निम्न लिखित योग्यता पुगेका छात्रछात्राहरूका लागि वैदेशिक रोजगारका विषयमा इन्टर्नसीप कार्यक्रम सञ्चालन गरिने भएकोले तपसिलबमोजिम योग्यता पुगेका छात्र/छात्राहरूले यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र आफूले प्राप्त गरेका प्रमाणपत्रहरूको प्रतिलिपि सहित यस बोर्ड सचिवालयबाट उपलब्ध गराइने फारमको ढाँचामा निवेदन दिनका लागि यो सूचना प्रकाशित गरिएको छ ।

<u>तपसिल</u>

१. आवश्यक सख्या : ३ (तीन) जना

२. इन्टर्नसिपको अवधि : बढीमा ६ महिना

३. इन्टर्नसिपको स्थान : वैदेशिक रोजगार प्रवर्द्धन बोर्डको सचिवालय, काठमाडौं

४. आवश्यक न्यूनतम योग्यता:

क) त्रिभुवन विश्वविद्यालयका आङ्गिक अथवा सम्बन्धन प्राप्त सामुदायिक क्याम्पसबाट मानविकी तथा सामाजिक शास्त्र सङ्कायतर्फ समाजशास्त्र विषयमा कम्तीमा ५०% अंक हासिल गरी स्नातक तह उत्तीर्ण गरेको ।

ख) नेपाली नागरिक ।

ग) २५ वर्ष उमेर ननाघेको ।

५. आवेदन फारमसाथ पेश गर्नुपर्ने प्रमाणपत्रका प्रतिलिपिहरु:

क) नेपाली नागरिकताको प्रमाणपत्र ।

ख) स्नातक उत्तीर्ण गरेको लब्धाङ्क पत्र र चारित्रिक प्रमाणपत्र ।

ग) स्नातक तह उत्तीर्ण गरेको क्याम्पसको सिफारिस पत्र ।

६. आवेदन दिने म्याद : सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र ।

७. आवेदन दिने स्थान : बोर्डको सचिवालय, नयाँ बानेश्वर, काठमाडौं ।

८. उपलब्ध गराइने सुविधा : खाजा, यातायात तथा पकेट खर्च वापत प्रति विद्यार्थी मासिक रु. १५,००० (पन्ध्र हजार रुपियाँ) ।

९. कार्य विवरण : सचिवालयको काममा संलग्न भई प्रतिवेदन तयार गरी बुझाउने ।

(यस बोर्डको वेबसाइट www.fepb.gov.np बाट पनि सूचना प्राप्त गर्न सकिनेछ ।)

Scanned by CamScanner

## अनुसूचि - १

(इन्टर्नसीपको लागि दिने निवेदनको ढाचाँ)

मिति ..................

श्री वैदेशिक रोजगार प्रवर्द्धन बोर्डको सचिवालय

नयाँ बानेश्वर, काठमाण्डौ ।

**विषय : इन्टर्नसीप उपलब्ध गराइ पाउँ ।**

**महोदय,**

**उपरोक्त सम्बन्धमा मैले त्रिभुवन विश्वविद्यालयबाट सम्वन्धन प्राप्त सरकारी/सामुदायिक श्री.........................................क्याम्पस, ........बाट मानविकि संकायको , समाजशात्र विषयमा ........ प्रतिशत अंक ल्याई शैक्षिक वर्ष ..........मा स्नातक तह उर्त्तीण गरेको छु । तहाँ वोर्डवाट मिति २०७४।०८।......को गोरखापत्र दैनिक पत्रिकामा प्रकाशित सूचनाअनुसार तहाँबाट प्रदान गरिने इन्टर्नसीपमा सहभागी हुन इच्छुक भएको हुदाँ आवश्यक कागजातहरु यसैसाथ संलग्न राखी उक्त इन्टर्नसीपमा सहभागिताको अवसर पाउन यो निवेदन साथ अनुरोध गर्दछु ।**

**संलग्न कागजातहरु**

क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी

ख) स्नातक उर्त्तीण गरेको लब्धाङ्क पत्र र चारित्रिक प्रमाणपत्रको प्रतिलिपी

ग) स्नातक तह उर्त्तीण गरेको क्याम्पसको सिफारिश पत्र

**निवेदक**

**सही :**

**नाम,थर :**

**ठेगाना :**

**फोन नं**



Scanned by CamScanner

**अनुसूचि - २**

**(स्नातक तह उत्तीर्ण गरेको क्याम्पसको सिफारिशको ढाचाँ)**

मिति ..................

कार्यकारी निर्देशकज्यू

वैदेशिक रोजगार प्रवर्द्धन बोर्डको सचिवालय,

नयाँ बानेश्वर, काठमाण्डौ ।

विषय : सिफारिश सम्बन्धमा

**महोदय,**

**उपरोक्त सम्वन्धमा त्रि.वि.वि. को आङ्गिक/ सम्वन्धन प्राप्त यस क्याम्पसबाट मानविकी संकाय तर्फ, समाजशात्र विषयमा स्नातक तह (शैक्षिक वर्ष .......मा ) छात्र / छात्रा श्री ...................... .......लाई तहाँबाट प्राप्त हुने इन्टर्नसीपमा सहभागी हुने अवसरको लागि सिफारिश गरिन्छ ।**

**प्रमुख/प्राचार्य**

**हस्ताक्षर :**

**नाम,थर :**

**क्याम्पसको छाप :**



Scanned by CamScanner